नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री तथा रक्षा मन्त्री श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा प्रधानमन्त्री निवास बालुवाटारमा आज मिति २०७७ मंसिर १९ गते रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूबाट चालू आर्थिक वर्ष २०७७/७८ मा सञ्चालित विकास कार्यक्रम तथा आयोजनाहरूको प्रथम चौमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठक बस्यो ।

उक्त बैठकमा रक्षा मन्त्रालय, नेपाली सेना, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय, राष्ट्रिय सेवा दल, सैनिक हवाई महानिर्देशनालय, सैनिक कमाण्ड तथा स्टाफ कलेज, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति लगायतका निकायहरूबाट चालू आ.व.को प्रथम चौमासिकमा हासिल भएका प्रगतिहरूको समीक्षा हुनुका साथै कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देखिएका समस्या र चुनौती तथा समाधानका सम्भावित उपायहरू बारेमा समेत विस्तृत छलफल भएको थियो । बैठकमा राष्ट्रिय विकास समस्या समाधान समितिको पछिल्ला बैठकहरूबाट भएका निर्णयहरूमध्ये रक्षा मन्त्रालयसम्बद्ध निर्णयहरूको कार्यान्वयन स्थितिबारेमा समेत छलफल भएको थियो ।

समीक्षा बैठकमा प्रस्तुत प्रगति विवरण र हासिल भएका उपलब्धिहरूमा सन्तोष व्यक्त गर्नुहुँदै सम्माननीय प्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गर्दा अन्तर-मन्त्रालय र अन्तर-निकायबीचको समन्वयले ठूलो भूमिका खेल्ने हुँदा आगामी दिनमा सम्बन्धित निकायहरूबीच समन्वयलाई थप सुदृढ तुल्याउँदै निर्धारित लागत र समयमै कार्यक्रम सम्पन्न गरी मुलुकलाई आर्थिक समृद्धिको बाटोमा अघि बढाउन सम्बन्धित सबैलाई निर्देशन दिनुभयो । उहाँले नेपाली सेनाले मुलुकमा कोभिड-१९ संक्रमणको नियन्त्रण र रोकथामदेखि प्रकृति संरक्षण, विपद् व्यवस्थापन तथा सडक पूर्वाधारहरूको निर्माण एवं राष्ट्रिय र ऐतिहासिक महत्त्वका गढी/किल्लाहरूको संरक्षण र संवर्द्धनमा खेलेको भूमिकाको प्रशंसा गर्दै नेपाली सेनालाई समयानुकूल साधनस्रोत उपलब्ध गराई थप दक्ष र व्यावसायिक बनाउन सरकारले जोड दिँदै आएको कुरा उल्लेख गर्नुभयो । उहाँले नेपाली सेनाले देशभित्र मात्र नभएर देशबाहिर समेत शान्ति स्थापना कार्यमा महत्त्वपूर्ण योगदान गरी नेपालको प्रतिष्ठा र छवि उच्च बनाउन उल्लेखनीय योगदान गरेको कुरा व्यक्त गर्दै नेपाली सेना अन्तर्गत सञ्चालित "बंकरदेखि ब्यारेक" कार्यक्रम अन्तर्गत निर्माण गर्न बाँकी तथा भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको यथाशीघ्र निर्माण कार्य सम्पन्न गरी नेपाली सेनामा काम गर्ने सकल दर्जाका लागि उचित आवासको व्यवस्था मिलाउन आवश्यक बजेट उपलब्ध गराउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिनुभयो ।

बैठकमा रक्षा मन्त्रालयका सचिव श्री रेश्मिराज पाण्डेले मन्त्रालय र अन्तर्गतका निकायहरूको प्रथम चौमासिक अवधिको एकीकृत विवरण प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतिका क्रममा उहाँले रक्षा मन्त्रालय

अन्तर्गत नेपाली सेनाबाट सञ्चालन भइरहेको कालीगण्डकी कोरिडर (रिडी-मालढुंगा खण्ड), कर्णाली कोरिडर (खुलालु-लैफू-सरिसल्ला खण्ड), बेनीघाट-आरुघाट-लार्के भञ्याङ सडक र दार्चुला-टिंकर सडक आयोजनाहरू तथा बंकरदेखि ब्यारेकसम्म कार्यक्रमको चालू आ.व.को प्रथम चौमासिकको भौतिक प्रगति ८०% भन्दा बढी रहेको जानकारी प्रस्तुत गर्नुभएको थियो । साथै, काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना, खाँदवारी-किमाथान्का सडक (१४ कि.मि. खण्ड), नेपाली सेनाको पश्चिम एयर वेश स्थापना तथा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापनासम्बन्धी पूर्व तयारी कार्यक्रममा लक्ष्यको ७०% भन्दा बढी प्रगति हासिल भएको तथ्य प्रस्तुत गर्नुभएको थियो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेलले रक्षा मन्त्रालयको चालू आ.व.को प्रथम चौमासिकको प्रगति सन्तोषजनक रहेको कुरा उल्लेख गर्दै मन्त्रालयका विकास आयोजनासँग सम्बद्ध समस्याहरू समाधानका लागि सम्बन्धित मन्त्रालय तथा निकायहरूका बीचमा समन्वय गरी अघि बढ्नुपर्ने सुझाव दिनुभयो । साथै, आगामी दिनमा पूँजीगत बजेट बढी खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्न समेत उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेपाली सेनाका प्रधानसेनापति श्री पूर्णचन्द्र थापाले पहिलो चौमासिक भएको कारण कतिपय प्रक्रियागत पक्षहरू मिलाउन समय लागेको कारणले केही कार्यक्रमको वित्तीय प्रगति अपेक्षित रूपमा हुन नसेकेको भएता पनि समग्रमा नेपाली सेनाबाट सञ्चालित अधिकांश कार्यक्रमको भौतिक प्रगति उत्साहजनक रहेको कुरा व्यक्त गर्नुभयो । साथै, उहाँले नेपाली सेनाको आधुनिकीकरण तथा बंकरदेखि ब्यारेक कार्यक्रम लगायतका कार्यक्रमलाई समयमै सम्पन्न गर्न पूँजीगत बजेट कम भएकोले आगामी दिनमा पर्याप्त बजेट व्यवस्था गर्नुपर्ने खाँचो रहेको कुरा समेत उल्लेख गर्नुभयो ।

समीक्षा बैठकमा अर्थ, भौतिक पूर्वाधार तथा यातायात एवं शहरी विकास मन्त्रालयका सचिवहरू, महालेखा नियन्त्रक र राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका अध्यक्षले आ-आफ्नो मन्तव्य राखुभएको थियो । समीक्षा बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, नेपाली सेना अन्तर्गत सञ्चालित विभिन्न विकास निर्माण आयोजनाका विभागीय प्रमुखहरू तथा रक्षा मन्त्रालयका उच्च पदाधिकारीहरूको उपस्थिति थियो । समीक्षा बैठकमा रक्षा मन्त्रालयका योजना महाशाखाका प्रमुख सहसचिव श्री शिवराम न्यौपानेले स्वागत मन्तव्य राखुहुँदै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

(कृष्णप्रसाद ज्ञवाली)
सहसचिव एवं प्रवक्ता

**रक्षा मन्त्रालय,**
सिंहदरबार, काठमाण्डौं
१९ मंसिर २०७७